च.नं.८३

# नेपाली कांग्रेस

केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

भाद्र २७, २०८१

श्री सभापतिजी,
नेपाली कांग्रेस जिल्ला कार्यसमिति
(सबै जिल्लाहरुका लागि) ।

विषयः परिपत्र ।

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको श्रावण २३ देखि भाद्र १६ गतेसम्म बसेको बैठकले विभिन्न कारणले रिक्त रहेका विभिन्न तहका कार्यसमितिका सभापति बाहेकका विभिन्न पदहरूको पुर्तिका सम्बन्धमा देहाय बमोजिमको निर्णय गरेको छ।

> *"नेपाली कांग्रेसको विधानले सभापति बाहेकका पदाधिकारी र सदस्यहरू रिक्त रहेको अवस्थामा तत्काल के गर्ने स्पष्ट व्यवस्था नगरेकोले कार्यान्वयनमा अलमल सिर्जना भएको हुँदा सम्बन्धित कार्यसमितिका सभापतिले प्रस्तावित गरी कार्यसमितिले निर्णय गर्न र यसरी निर्णय गर्दा जुन कल्स्टरबाट निर्वाचित भएको हो अनिवार्य रुपमा सोही कलष्टरबाटै पुर्ति गर्न गराउन सम्बन्धित सवै तहलाई निर्देश गरिन्छ।*

अतः यस निर्णय कार्यान्वयनका लागि जिल्ला कार्यसमितिले आफ्नो तहमा रिक्त भएमा अबिलम्ब यस निर्णय बमोजिम जिल्ला कार्यसमितिको बैठक राखि सभापतिबाट प्रस्तावित गरी जिल्ला कार्यसमितिबाट निर्णय गरी पदपूर्ति गर्ने र अन्य समितिको हकमा (प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति, प्रदेशसभा क्षेत्रीय कार्यसमिति, गाउँ-नगर कार्यसमिति, वडा कार्य समिति र टोल कार्यसमिति) सम्बन्धित तहको बैठक राख्न लगाई तत् तत् कार्यसमिति सभापतिले प्रस्तावित गरी कार्यसमितिबाट पदपूर्ति गर्ने व्यबस्था गर्ने र त्यसको लागि आवश्यक समन्वय गर्ने। यसरी पदपूर्ति गर्दा जुन कलष्टरबाट निर्वाचित भएको हो अनिवार्य रुपमा सोही क्लष्टरबाटै पूर्ति गर्ने। निर्णय बमोजिम अबिलम्ब पदपूर्ति गरिएका पदहरूको केन्द्र र प्रदेशमा जानकारी गराउन यो परिपत्र गरिएको छ।

जय नेपाल।

गगनकुमार थापा
महामन्त्री

<u>बोधार्थ एवं कार्यार्थः</u>
मातहतका सवै कार्यसमिति

टेलिफोनः (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Website : www.nepalicongress.org